# बीमकको संस्थागत सुशासन सम्बन्धी (पाचौं संशोधन) निर्देशिका,२०८०

**स्वीकृत मिति : २०८०।०१।२४**

प्रस्तावना: बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायका निर्देशन जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी निर्देशिकाहरुको नाम "बीमकको संस्थागत सुशासन सम्बन्धी (पाचौं संशोधन) निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०७५ को दफा ५७ख. पछि दफा ५७ग. थप: बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को दफा ५७ख पछि देहायको दफा ५७ग थपिएको छः-

"५७ग व्यवसाय प्रवर्द्धन तथा प्रचार प्रसार सम्बन्धी व्यवस्था: (१) निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले बीमकको व्यवस्थापन खर्च अन्तर्गत अतिथि सत्कार, व्यापार प्रवर्द्धन, विज्ञापन तथा प्रचार प्रसार र अभिकर्ता अन्य शिर्षकमा खुद बीमाशुल्कको बढीमा एक दशमलव पाँच (१.५) प्रतिशत सम्म खर्च गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बीमकले गरेको कुल खर्चको कम्तीमा पच्चीस प्रतिशत रकम विज्ञापन तथा प्रचार प्रसार शिर्षकमा खर्च गर्नुपर्नेछ ।"